# विदुर नगरपालिका

विदुर, नुवाकोट
३ नं. प्रदेश, नेपाल

**आ.व. २०७५/०७६ को लागि ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी स्लेट, खरिढुंगा, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको उत्खनन्, संकलन, आन्तरिक बिक्री तथा बाह्य कर दस्तुर उठाउने ठेक्का वन्दोवस्तीको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी ३० दिने सूचना (प्रथम पटक प्रकाशित मिति २०७५/०४/०१)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ घ (६) तथा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४, आर्थिक कार्यविधी नियमावली समेतमा भएको व्यवस्था बमोजिम विदुर नगरपालिका, विदुर, नुवाकोटको क्षेत्राधिकारभित्र पर्ने ढुङ्गा, गिट्टी, माटो, वालुवा, ग्राभेल, रोडा, ह्युमपाईप, ईटा, काठ माटो, स्लेटमा आ.व.२०७५/०७६ को लागि जिल्ला समन्वय समितिको २०७४ असारको प्रारम्भिक वातावणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित निम्न नदीनाला, नीजि तथा सार्वजनिक क्वायरी, खोलाखोल्सीबाट निकालिएका ढुङ्गा, गिट्टी, माटो, वालुवा, ग्राभेल, रोडा, ह्युमपाईप, ईटा, काठदाउरा, माटो, बिछ्याउने स्लेट आन्तरिक बिक्रि तथा बाह्य निकाशी कर असुली सम्बन्धी कार्यहरु गर्न आगामी आ.व.को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले इच्छुक फर्महरुले मिति २०७४/०४/३० सम्म कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट नगदी रसिद लिई हार्डकपी खरिद गरी वा यस कार्यालयको नेपाल बैंक लि.त्रिशुली शाखामा रहेको खाता नं. ०२६०३०००००००४००१०६७ मा (फिर्ता नहुनेगरी) नगद जम्मा गरेको भौचरको स्क्यान कपी र हालसम्म नवीकरण भएको इजाजत-पत्र र आयकर दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर, आ.व. २०७३/०७४ को कर चुक्ताको प्रमाण तथा अन्य कानूनी कागजातहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्र फाराम खरिद गरी गरी मिति २०७५/०४/३१ गते दिनको १२ बजेसम्म आफुले कबोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम नेपाल बैंक लि. त्रिशुली शाखामा रहेको धरौटी खाता नं. ०२६०३००००००००३००००८ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (बिड बण्ड) संलग्न राखी शिलबन्दी बोलपत्र फाराम पेश गर्न सकिनेछ। रितपूर्वक पर्न आएका शिलवन्दी बोलपत्र फारामहरु मिति २०७५/०४/३१ गते दिनको २:०० बजे बोलपत्रदाता वा नीजको प्रतिनीधि र नेपाल सरकारका कार्यालयका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्र दाता वा नीजको प्रतिनिधी उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। नगरपालिकाबाट पारित भएका करका दररेट बोलपत्र फारामसाथ उपलब्ध गराईनेछ। र अन्य बिस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०१०-५६०४६९ मा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | विवरण शिर्षक | उत्खनन् परिमाण (घ.मी.) | कुल न्यूनतम कबोल अंक (मु.अ.क. बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| ०१/२० ७४/०७ ५- राजस्व | विदुर नगरपालिकाको क्षेत्राधिकारमा रहेको त्रिशुली, तादी, फलाखु, सलाखु, सामरी नदी/ खोलाहरु तथा अन्य आशपासका क्षेत्रभित्र पर्ने इट्टा, काठ, ढंगा, वालुवा, गिट्टी, ग्राभेल, स्लेट ढुंगा, ब्लक, सिमेन्ट टायल आदि नदीजन्य तथा खानीजन्य पदार्थहरुमा कर असुली गर्ने।<br>क) वालुवा, ढुंगा, गिट्टी आन्तरिक खपत तथा बाह्य निकासी वापत<br>ख) ईट्टाको वातावरण प्रदुषण शुल्क तथा निकासी कर वापत<br>ग) काठको आन्तरिक खपत तथा बाह्य निकासी वापत<br>घ) ब्लक/स्लेट ढुंगा/ह्युम पाईप बाह्य निकासी वापत | ३५७००० | ६५०००००।०० | रु ३,०००। |

**शर्त तथा बन्देज**

१. खरिद भएका बोलपत्रहरुको प्रत्येक पानामा सहि, छाप र सिलबन्दी गरि खाम बाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम लेखि पेश गनुपर्नेछ।

२. नेपाल सरकारबाट भएको निर्णय, जारी गरिएको नयाा ऐन नियमको अधिनमा रहि कार्य गर्नुपर्नेछ । साथै नेपाल सरकार र नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

३. ठेकेदार र नगरपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा नगरपालिका को निर्णय अन्तिम र मान्य हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन । बोलपत्र स्वीकृत भै सम्झौता हुादा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त र बन्देज समेत पालना गर्नुपर्नेछ ।

४. फर्मले कबोल गरेको अंकको मु.अ. कर बापतको रकम चौमासिक रुपमा नगरपालिका मार्फत भुक्तानी गर्नुपर्नेछ र अन्य कर शुल्क लागेमा ठेकेदार आफैले असुल गरि प्रचलित कानुन बमोजिम दाखिला गर्नुपर्नेछ ।

५. ठेक्का स्वीकृत भएपछि सम्झौता गर्दाका बखत कबोल अंकको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ । सो नभए प्रथम किस्ता बापतको ४० प्रतिशत रकम (मु.अ. कर समेत) सम्झौता गर्दाको बखत र बााकी ६० प्रतिशतले हुने रकम (मु.अ. कर समेत) ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिका को तर्फबाट बााकी रहेको किस्ता बैाक ग्यारेन्टीबाट असुल उपर गर्ने गरि कानुनी प्रक्रिया अपनाईनेछ । असुल गर्न बााकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति स्वरुप असुल उपर गर्न सकिनेछ ।

७. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

८. काठ निकासीमा नगरमा उत्पादन भै बाहिर निकासी हुनेमा मात्र सम्बन्धित जिल्ला वन कार्यालयको चलानी अनुसार कर असुल गर्नु पर्नेछ ।

९. ईट्टाको हकमा नगरमा उत्पादितमा मात्र लिन पाईनेछ यो सूचनामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. उठाइने करका दरहरु बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ ।

११. बोलपत्र फाराम खरिद गर्ने र पेश गर्ने दिनहरुमा बिदा परेमा सो को भोलिपल्टलाई तत् कार्यको लागि अन्तिम दिन मानिनेछ ।

१२. नदी खोला वरपरका प्रत्यक्ष प्रभावित एवं नगर भित्र बसोबास गर्ने कुनै नागरिकहरुले निर्माण गर्ने घरवास र विद्यालय, स्वास्थ्य चौकी लगायतका सार्वजनिक भवनहरुमा नदी किनारबाट मानिस आफैले उत्खनन् गरि सिधै उपभोग गर्ने निर्माणमुखि वस्तुहरुमा कुनै पनि कर लिन पाईने छैन ।

१३. नगर भित्र खपत हुने वस्तुमा निकासी कर लिन नपाईने, काठ, ईट्टा, ब्लक टायल, ह्युम पाईप जस्ता तयारी वस्तुमा र खानी बाट उत्पादन भै निकासी हुने वस्तुमा विक्रि मूल्य लिन पाईने छैन ।